# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०२।३२ गते)

यस कार्यालयको मिति २०८१।०२।२७ गतेको निर्णयानुसार नारायणी अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रको लागि आ.व. ०८०/०८१ मा तपसिलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाबाट करारमा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरुसहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा दरखास्त दिन सम्बन्धित सबैमा यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपसिल

| विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| ०३/०८०/०८१ | मामला व्यवस्थापक | १ जना महिला मात्र | नारायणी अस्पतालस्थित सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र | सेवा करार |

१. दरखास्त फारम :यस वीरगंज महानगरपालिकाको कार्यालय अन्तर्गतको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा वा यस कार्यालयको वेवसाईट www.birgunjmun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

२. दरखास्त दिने स्थान: वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा

३. दरखास्त दिने अन्तिम मितिः २०८१।०३।०६ गते सम्म सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय समयभित्र,

४. मामला व्यवस्थापकका पदका उम्मेद्वारहरुको लागि आवश्यक न्यूनतम योग्यता: -

- मनोविज्ञान वा सामाजिक कार्य वा स्वास्थ्य शिक्षामा स्नातक तह वा नर्सिङ्ग विषय वा सामान्य चिकित्सा विषयमा प्रविणता प्रमाणपत्र तह (हेल्थ असिष्टेन्ट) उत्तीर्ण गरी मनोसामाजिक मनोपरामर्शको ६ महिनाको तालिम लिई कम्तीमा पनि लैङ्गिक हिंसाको क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको ।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
- समुदायमा लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग तथा परामर्श गरि प्रभावकारी रुपमा केस व्यवस्थापन गर्न सक्ने सिप भएको ।
- प्रतिवेदन लेखन, तथ्यांक जानकारी संकलन, मंचार, संयोजनको आवश्यक सीप भएको । कम्प्यूटर सम्बन्धि राम्रो ज्ञान भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघ संस्थाहरुसँग समवन्य तथा कार्यगत सम्बन्ध राख्न सक्ने हुनुपर्ने ।
- स्थानीय र विवाहित महिला उम्मेद्वारलाई विशेष प्राथमिकता

५. मामला व्यवस्थापक पदका उम्मेद्वारहरुले आवेदकले आवेदन दिँदा दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु:-

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान

ख) न्यून्तम शैक्षिक योग्यताको प्रतिलिपि १, १ थान

ग) वाञ्छनीय तालिम प्रमाण पत्र, योग्यता तथा अनुभवका प्रतिलिपि १ थान

घ) व्यक्तिगत विवरण बायोडाटा

६. छनौट विधिः- अन्तर्वार्ता

७. परीक्षा मिति: दरखास्त सङ्कलन भए पश्चात परीक्षा मिति प्रकाशन गरिने छ ।

८. सेवा सुविधा तथा अन्य: सम्वन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

९. आवेदन दस्तुर वापतको रकम यस कार्यालयको राजश्व व्यवस्थापन महाशाखामा वुझाएको सक्कल रसिद आवेदन फारमसाथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकाय अधिकृत



Scanned with CamScanner

# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना!**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०२।३२ गते)

यस कार्यालय अन्तर्गतका वडा नं. २७,२९ र ३२ का लागि आ.व. ०८०/०८१ मा तपसिलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाबाट करारमा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले यस कार्यालयको मिति २०८१।०२।२७ गतेको निर्णयानुसार देहाय अनुसार तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरुसहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा दरखास्त दिन सम्बन्धित सबैमा यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

तपसिल

| विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| ०४/०८०/०८१ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | ३ जना महिला मात्र | वीरगंज महानगरपालिका अन्तर्गतको वडा नं. २७, २९ र ३२ मा | सेवा करार |

१. दरखास्त फारम :यस वीरगंज महानगरपालिकाको कार्यालय अन्तर्गतको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा वा यस कार्यालयको वेवसाईट www.birgunjmun.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

२. दरखास्त दिने स्थानः वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा

३. दरखास्त दिने अन्तिम मितिः २०८१।०३।०६ गते सम्म सो दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट कार्यालय समयभित्र,

सामुदायिक मनोसामाजिक कार्यकर्ता पदाका उम्मेद्वारहरका लागि आवश्यक न्यूनतम योग्यताः

- दरखास्त दिने उम्मेद्वार वी.म.न.पा. वडा नं. २७,२९,र ३२ को स्थायी बासिन्दा हुनुपर्नेछ ।
- शैक्षिक योग्यताः कम्तिमा पनि १२ वा सो सरह उतीर्ण गरेको।
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
- अनुभव एवं वाञ्छनीय योग्यताः
- कम्तिमा पनि १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको।
- समुदायमा मनोसामाजिक सहजकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता दिइने छ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची रात्रे ।
- उम्मेदवारहरु सम्बन्धित नगरपालिकाको हुनुपर्नेछ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रो सँग बहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुचि राख्ने ।
- स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, तथा वडामा स्था सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने।
- इमेल, इन्टरनेट, MS Word र Power Point प्रयोग गर्ने सीप भएको स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्बन्धि जानकारी तथा यस्ता हिंसा प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयाबारे राम्रो जानकारी भएको ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएको ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राहयता दिइनेछ ।

४. सामुदायिक मनोसामाजिक कार्यकर्ता पदका उम्मेद्वारहरुले दरखास्त पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १ थान।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

प्रमुख प्रशासकीय अधिकृत

५. छनौट विधिः- अन्तर्वार्ता

६. परीक्षा मितिः दरखास्त सङ्कलन भए पश्चात परीक्षा मिति प्रकाशन गरिने छ ।

७. सेवा सुविधा तथा अन्यः सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

८. आवेदन दस्तुर वापतको रकम यस कार्यालयको राजश्व व्यवस्थापन महाशाखामा बुझाएको सक्कल रसिद आवेदन फारमसाथ संलग्न राखी पेश गर्नुपर्नेछ।

Scanned with CamScanner

CamScanner